# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) धनगढी, कैलाली, साउन १ गते, २०७८ साल (अतिरिक्ताङ्क ३ (ख)


## भाग २

### प्रदेश सरकार

### सुदूरपश्चिम प्रदेश

### प्रदेश लोक सेवा आयोग

### धनगढी, कैलाली

## प्रदेश लोक सेवा आयोग, परीक्षा दस्तुर एवं खर्च व्यवस्थापन मापदण्ड, २०७८

**प्रस्तावना:** प्रदेश लोक सेवा आयोगले पदपूर्ति गर्दा लिइने परीक्षा दस्तुर निर्धारण गर्न र पदपूर्तिका विभिन्न चरणहरूमा विषय विज्ञ वा विशेषज्ञ तथा विभिन्न निकायका कर्मचारीहरूबाट सेवा लिई पाठ्यक्रम निर्माण,

प्रश्न पत्र निर्माण, परीक्षा संचालन, उत्तरपुस्तिका परीक्षण लगायतका काम गर्ने प्रयोजनका लागि विविध शिर्षकमा विनियोजित रकमलाई पारदर्शि, मितव्ययीका साथै सरल र सुस्पष्ट ढंगले खर्च व्यवस्थापन गर्न आवश्यक भएकोले,

प्रदेश लोक सेवा आयोग ऐन, २०७६ को दफा ७८ बमोजिम उल्लेखित व्यवस्थाको प्रतिकुल नहुने गरि ऐनको दफा ७२ र ७३ को प्रयोजनार्थ सोहि ऐनको दफा ८४ ले दिएको अधिकार प्रयोग गरी प्रदेश लोक सेवा आयोगले देहायको मापदण्ड बनाएको छ ।

१) <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यो मापदण्डको नाम "प्रदेश लोक सेवा आयोग, परीक्षा दस्तुर एवं खर्च व्यवस्थापन मापदण्ड, २०७८" रहेको छ।

(२) यो मापदण्ड प्रदेश लोक सेवा आयोगले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

२) <u>परिभाषा र व्याख्याः</u> (१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,–

(क) "अतिरिक्त समय" भन्नाले कार्यालय समय बाहेक बिहान एक घण्टा तीस मिनेट र बेलुका एक घण्टा तीस मिनेट गरि दिनको कम्तीमा तीन घण्टा काम गरेको अवधि वा कार्यालय समय अघि वा पछि गरेको एकमुष्ठ कम्तीमा तीन घण्टाको समय सम्झनुपर्छ ।

(ख) "आयोग" भन्नाले प्रदेश लोक सेवा आयोग सम्झनु पर्छ।

(ग) "ऐन" भन्नाले प्रदेश लोक सेवा आयोग ऐन, २०७६ सम्झनु पर्छ ।

(घ) "सचिव" भन्नाले आयोगको सचिव सम्झनुपर्छ र सो शब्दले कायम मुकायम सचिव वा निमित्त सचिवलाई समेतलाई जनाउँछ ।

यस खण्डको प्रयोजनको लागि निमित्त सचिव भन्नाले आर्थिक अख्तियारी सहितको अधिकार प्राप्त गरेको सचिवलाई जनाउनेछ ।

(ङ) "रात बस्ने" भन्नाले कार्यालय समय पछि भोलिपल्टको कार्यालय समयसम्म काम गरेको अवधिलाई सम्झनुपर्छ।

(च) "प्रदेश" भन्नाले सुदूरपश्चिम प्रदेशलाई सम्झनु पर्दछ ।

(२) यस मापदण्डको व्याख्या आयोगबाट हुनेछ ।

३) <u>अतिरिक्त समय काममा लगाउने सम्बन्धि व्यवस्था:</u> सचिवले आयोगको कामको प्रकृति र कार्यबोझको आधारमा आयोगका कर्मचारीलाई समय अवधि तोकि अतिरिक्त समय काममा लगाउन सक्नेछ ।

४) <u>विविध शीर्षकको रकम खर्च गर्ने मापदण्ड:</u> (१) आयोगलाई विनियोजित विविध शीर्षकको रकम खर्च गर्दा अनुसूची-१ मा उल्लेख भएका शीर्षकहरुमा खर्च गर्ने अख्तियारी सचिवको हुनेछ।

(२) अनुसूची-१ मा उल्लेख भएका शीर्षकहरुमा खर्च गर्दा आयोगका सम्बन्धित शाखाहरुबाट सम्पादनका भएका कार्यहरुको शाखाबाट निर्मित भरपाईहरु आर्थिक प्रशासन शाखामा पेश गरि भुक्तानी लिन सकिनेछ, साथै शाखाका कामहरु सम्पन्न गर्न/गराउन अग्रिम पेश्की रकम लिई कार्य सम्पादन पश्चात

भरपाई पेश गरि पेश्की फर्छ्यौट गर्ने गरि खर्च व्यवस्थापन गर्न सकिनेछ ।

५) अनुसूचीमा संशोधन वा हेरफेर: यस मापदण्डको अनुसूची संशोधन वा हेरफेर गर्नु परेमा आयोगले गर्न सक्नेछ ।

## अनुसूची - १

(दफा ४ संग सम्बन्धित)

### १. प्रश्न पत्र निर्माण:

१.१ सबै श्रेणी/तहका सबै सेवा, समुह, उपसमुहका कोरा प्रश्न बनाए वापत दक्ष/बिज्ञलाई देहाय अनुसारको एकमुष्ट पारिश्रमिक दिने ।

| सि.नं. | कोरा प्रश्न पत्र निर्माण | रकम रु. |
|---|---|---|
| १ | पूर्णाङ्क १०० को विषयगत प्रश्न पत्र निर्माण वापत | ५,४००।०० |
| २ | पूर्णाङ्क ५० को विषयगत प्रश्न पत्र निर्माण वापत | ३,६००।०० |
| ३ | पूर्णाङ्क ५० भन्दा कमको विषयगत प्रश्न पत्र निर्माण वापत | २,७००।०० |
| ४ | अधिकृतस्तर नवौ, दशौं र एघारौं तहका मामिला तथा प्रस्तुतीकरणको लागि प्रश्न पत्र बनाए वापत एकमुष्ट | ३,०००।०० |
| ५ | अधिकृतस्तर छैठौ, सातौं र आठौं तह सामुहिक छलफलको प्रश्न निर्माण वापत | १,८००।०० |
| ६ | सामान्य बौद्धिक परीक्षण (IQ) प्रति प्रश्न | १९२।०० |
| ७ | वस्तुगत बहुउत्तर प्रति प्रश्न (अधिकृतस्तर) | १८०।०० |
| ८ | वस्तुगत बहुउत्तर प्रति प्रश्न (अधिकृतस्तर बाहेक) | १२०।०० |
| ९ | राजपत्रांकित प्रथम श्रेणी (एघारौं तह) सहसचिव वा सोसरह (अप्राविधिक) पदको प्रश्न निर्माण गर्ने दक्ष/बिज्ञलाई २५ पूर्णाङ्कसम्मको विषयगत प्रश्न पत्र निर्माण गरे वापत प्रति प्रश्न | ४,०००।०० |
| १० | राज पत्रांकित द्वितीय श्रेणी (नवौ, दशौं तह) उपसचिव वा सोसरह (अप्राविधिक) पदको १०० पूर्णाङ्कको एक सेट प्रश्न पत्र निर्माण गरे वापत प्रति | ८,०००।०० |

| | | |
|---|---|---|
| ११ | Inbasket Excersise सम्बन्धि कच्चा प्रश्न पत्र सेट तयार गरे वापत पारिश्रमिक स्वरुप दक्ष/बिज्ञलाई (१२००x१० प्रकरण) दिने | १२,०००।०० |
| १२ | नेपाल प्रहरी तर्फको निरीक्षक र प्रहरी सहायक निरीक्षक पदको Professional Behaviour Test सम्बन्धि प्रश्न निर्माण वापत प्रति प्रकरण (प्रश्न) | २,०००।०० |

१.२ अंग्रेजी र नेपाली दुवै भाषामा प्रश्न पत्र तयार गर्दा तोकिएको पारिश्रमिकमा २५ प्रतिशत थप दिइनेछ ।

२. प्रश्न पत्र परिमार्जन (मोडरेशन)

२.१ सवै तह र श्रेणीका प्रश्न पत्रको मोडेरेशन गर्दा वस्तुगत र उत्तर संलग्न गर्नु नपर्ने विषयगत प्रश्नका हकमा प्रश्न पत्र निर्माणको पारिश्रमिकको ४० प्रतिशत र उत्तर संलग्न गर्नु पर्ने प्रश्नको हकमा प्रश्न निर्माणको पारिश्रमिकको ५० प्रतिशतका दरले तयार भएको प्रति सेट प्रश्न पत्रको हिसावले प्रत्येक प्रश्न परिमार्जनकर्तालाई पारिश्रमिक दिने ।

२.२ प्रश्न पत्र परिमार्जन गर्ने क्रममा बिज्ञले कार्यालय समयमा उपस्थित हुन नसकि कार्यालय समय भन्दा बाहेक बिहान/साँझ र सार्वजनिक विदाको दिनमा प्रश्न पत्र परिमार्जन गर्नका लागि उपस्थित हुने भएमा सो प्रयोजनका लागि कर्मचारी उपस्थित हुने कर्मचारीका लागि निम्न बमोजिम पारिश्रमिक दिने ।

| विवरण | परिमार्जनमा संलग्न हुने अधिकृतस्तर कर्मचारी | परिमार्जनमा संलग्न हुने सहायक कर्मचारी | कार्यालय सहयोगी |
|---|---|---|---|
| वस्तुगत प्रश्न मात्र भएका प्रश्न र वस्तुगत तथा विषयगत दुवै किसिमका प्रश्न भएको प्रश्नको प्रति सेट | रु. २००।०० | रु. १५०।०० | रु.१००।०० |

| | | | |
|---|---|---|---|
| विषयगत प्रश्न मात्र भएका प्रश्नको प्रति सेट | रु. १००।०० | रु. ७५।०० | रु. ५०।०० |

२.३ वस्तुगत प्रश्नहरुको उत्तर कुञ्जिका (Answer Key) तयार गर्ने सिलसिलामा कार्य व्यस्तताका कारण कार्यालय समयमा उत्तरपुस्तिका तयार गर्न भ्याउने नभई बिहान/साँझ र सार्वजनिक बिदाका दिनमा समेत खटिई कामकाज गर्नुपर्ने अवस्थामा यसरी उत्तरकुञ्जिका तयार पार्ने कार्यमा खटिने कर्मचारीहरुलाई देहाय बमोजिम पारिश्रमिक दिईने (प्रति कर्मचारी प्रति सेट)

| प्रश्न संख्या | रकम |
|---|---|
| २५ वटासम्म | रु. ५०।०० |
| ५० वटासम्म | रु. ८०।०० |
| १०० वटासम्म | रु. १२०।०० |

२.४ वस्तुगत प्रश्न पत्रको उत्तर कुञ्जिका (Answer Key) यकिन गर्ने कार्यमा संलग्न दक्ष/विज्ञलाई कोरा प्रश्न पत्र निर्माण वापतको २० प्रतिशत पारिश्रमिक दिने ।

३. परीक्षा संचालनः आयोगद्वारा संचालन हुने परीक्षामा खटिने जनशक्तिका लागि निम्न पारिश्रमिक दिने ।

३.१ परीक्षा संचालनः

| जनशक्तिको विवरण | रकम (रु.) | |
|---|---|---|
| | १ घण्टा सम्मको परीक्षाका लागि | १ घण्टा भन्दा बढी समयको परीक्षाका लागि |
| परीक्षा सुपरीवेक्षक | १,०००।०० | १,४००।०० |
| परीक्षा नियन्त्रक | १,०००।०० | १,४००।०० |
| केन्द्राध्यक्ष | ९००।०० | १,२००।०० |
| उप केन्द्राध्यक्ष | ७५०।०० | १,०५०।०० |
| सहायक केन्द्राध्यक्ष | ६००।०० | ८००।०० |

| | | |
|---|---|---|
| समन्वयकर्ता | ६००।०० | ८००।०० |
| निरीक्षक | ४००।०० | ५५०।०० |
| सहयोगी/ज्यामी | २५०।०० | ३५०।०० |
| सवारी चालक | ४००।०० | ५००।०० |
| प्रहरीतर्फ | | |
| प्रहरी निरीक्षक | २००।०० | २५०।०० |
| प्रहरी नायव निरीक्षक | १९०।०० | २००।०० |
| प्रहरी सहायक निरीक्षक | १८०।०० | १९०।०० |
| प्रहरी हवल्दार | १५०।०० | १७०।०० |
| प्रहरी जवान | १००।०० | १५०।०० |

३.१.१ सार्वजनिक विदाका दिनमा परीक्षा भएमा उक्त दरमा थप ५० प्रतिशत रकम पारिश्रमिक दिने । कार्यालय समय बाहेक परीक्षा भएमा उक्त दरमा थप २५ प्रतिशत रकम पारिश्रमिक दिने ।

३.१.२ आयोगका मातहतका निकायमा परीक्षा संचालनका लागि केन्द्रबाट खटिई जाने केन्द्रीय प्रतिनिधि र परीक्षा व्यवस्थापनमा खटिने कर्मचारीलाई परीक्षा संचालनका समयमा सुपरीवेक्षक, परीक्षा नियन्त्रक, केन्द्राध्यक्ष, उप केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष वा निरीक्षक मध्ये जुन हैसियतले काम गर्छ सोही अनुसार तोकिएको दरले पारिश्रमिक दिने । यदि उल्लेखित कुनै पनि समयमा नलगाईएमा खटिई जाने केन्द्रीय प्रतिनिधि, परीक्षा व्यवस्थापन र प्रश्न पत्र छपाईमा संलग्न कर्मचारीलाई परीक्षा हुने दिनमा अधिकृतस्तरको कर्मचारी भए केन्द्राध्यक्ष सरह र सहायकस्तरको कर्मचारी भए उपकेन्द्राध्यक्ष सरहको पारिश्रमिक दिने ।

३.१.३. फरक क्षमता भएका परीक्षार्थीहरुलाई सहयोगी लेखक खटाउनुपर्ने अवस्थामा त्यसरी खटिने सहयोगी लेखकलाई उपकेन्द्राध्यक्ष बराबरको पारिश्रमिक दिने ।

३.१.४ परीक्षा हलको सेवा शुल्कः

| | |
|---|---|
| १ घण्टा सम्मको परीक्षाको लागि प्रति विद्यार्थी | रु. ८।०० |
| १ घण्टा भन्दा बढी समयको परीक्षाको लागि प्रति विद्यार्थी | रु.१०।०० |

३.२ प्रयोगात्मक परीक्षाः

३.२.१ आयोगद्वारा संचालन हुने प्रयोगात्मक परीक्षा, कम्प्युटर सीप परीक्षण परीक्षा लगायत आयोगद्वारा संचालन हुने विभिन्न किसिमका प्रयोगात्मक परीक्षामा खटिने जनशक्तिका लागि प्रति सिफ्ट प्रकरण ३.१ बमोजिमको पारिश्रमिक दिने ।

३.२.२. प्रयोगात्मक परीक्षा, कम्प्युटर सीप परीक्षणका लागि दक्ष/विज्ञ बोलाइएको अवस्थामा निजलाई केन्द्राध्यक्ष सरहको पारिश्रमिक दिने तर, प्रयोगात्मक परीक्षास्थल मै अंक प्रदान गरेकोमा त्यस्तो दक्षलाई उक्त रकममा २५ प्रतिशत थप पारिश्रमिक दिने ।

३.३ आयोगको कार्यालय नभएका स्थानको परीक्षा केन्द्र/उपकेन्द्रको परीक्षा व्यवस्थापन

३.३.१ कार्यालय व्यवस्थापनः आयोगको कार्यालय नभएका स्थानमा केन्द्र/उपकेन्द्र) मा आयोगद्वारा संचालन हुने लिखित परीक्षा संचालन गर्नका लागि आवश्यक पर्ने कार्यालय स्थापना गर्नुपर्ने अवस्थामा प्रतिदिन बढीमा रु. ४,०००।- उपलब्ध गराउने ।

३.३.२ सवारी साधनः कार्यालय स्थापना गरेको स्थान देखि परीक्षा केन्द्रसम्म प्रश्न पत्र, उत्तरपुस्तिका लाने, लैजाने अवस्थामा परीक्षा संचालन हुने दिनका अतिरिक्त ३ दिन सम्म प्रति दिन रु.३,५००।- का दरले सवारी साधन वापतको रकम उपलब्ध गराउन सकिने । यसरी प्रश्न पत्र/उत्तर पुस्तिका लगायतका गोप्य कागजातहरु लिई आउँदा/जाँदा सुरक्षा र मितव्ययिताका हिसाबले सवारी साधन भाडामा प्रयोग गर्नुपर्ने अवस्था भएमा सचिवको अनुमती लिई मात्र सवारी साधन भाडामा लिने व्यवस्था मिलाउने ।

३.३.३ अभिमुखीकरणः परीक्षा संचालनका लागि खटिने जनशक्ति (केन्द्राध्यक्ष, उपकेन्द्राध्यक्ष, समन्वयकर्ता, सहायक केन्द्राध्यक्ष, निरीक्षक) हरुलाई अभिमुखीकरण तालिम संचालन गर्दा अर्थ मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिमको रकम उपलब्ध गराउने ।

३.३.४ स्टेशनरीः परीक्षाका लागि आवश्यक स्टेशनरी लगायतका सामाग्रीहरु आयोगको सम्बन्धित कार्यालयबाट नै व्यवस्थापन गर्ने । थप सामग्री आवश्यक हुने अवस्थामा विज्ञापन नम्बर, परीक्षार्थी संख्या, परीक्षा भवन, परीक्षा संचालनको अवधी हेरी बढिमा प्रति विज्ञापन रु. ४,०००।- सम्मको स्टेशनरी खरिद गर्न सकिने ।

३.३.५ संचारः परीक्षा संचालनका क्रममा आवश्यक जनशक्ति व्यवस्थापन, समन्वय आदि कार्यका लागि विज्ञापन नम्बर, परीक्षार्थी संख्या, परीक्षा भवन, परीक्षा संचालनको अवधि हेरी टोली प्रमुखलाई बढीमा रु. ५००।- र पेश्की लिने कर्मचारीलाई रु. ५००।- संचार महसुल वापत उपलब्ध गराउने ।

### ३.४ परीक्षाको निगरानी

३.४.१ आयोगका पदाधिकारीबाट लिखित परीक्षाको निगरानी हुँदा १ घण्टा सम्मको परीक्षा भए रु. १,५००।- र १ घण्टा भन्दा बढीको परीक्षा भए रु. १,९००।- पारिश्रमिक दिने।

## ४. उत्तरपुस्तिका सांकेतिकरण (कोडिङ)

| विवरण | एकल परीक्षा भएमा | संयुक्त परीक्षा भएमा |
|---|---|---|
| प्रथम कोड नं. कायम गरेको (प्रति उत्तरपुस्तिका) | रु. ३।०० | रु. ४।०० |
| दोस्रो कोड नं. कायम गरेको (प्रति उत्तरपुस्तिका) | रु. १।५० | रु. ३।०० |

## ५. उत्तरपुस्तिका परीक्षण

### ५.१ विषयगत उत्तरपुस्तिका परीक्षण

५.१.१ आयोगद्वारा संचालन हुने सबै सेवा, समूह,उपसमूह, श्रेणी/तह (अप्राविधिक/प्राविधिक) का विषयगत उत्तरपुस्तिका परीक्षण गराउँदा दक्ष/विज्ञलाई निम्नानुसारको पारिश्रमिक दिने ।

| क्र. सं. | पूर्णाङ्क | श्रेणी (क) | रकम रु. | श्रेणी (ख) | रकम रु. | श्रेणी (ग) | रकम रु. | न्यूनत्तम १५ वटा उ.पु. सम्म |
|---|---|---|---|---|---|---|---|---|
| १ | १० | रा.प. प्रथम र द्वितीय तथा स्वास्थ्य सेवाको | ३६।०० | रा.प. तृतीय तथा स्वास्थ्य सेवाको छैठौं, | २४।०० | रा.प. अनं. तथा स्वास्थ्य सेवाको पाँचौं र | १२।०० | श्रेणी (क) लाई रु. १,५००।०० |
| २ | २० | | ४८।०० | | ३६।०० | | २४।०० | |
| ३ | २५ | | ६०।०० | | ४८।०० | | ३६।०० | |
| ४ | ३० | | ६६।०० | | ६०।०० | | ४२।०० | श्रेणी |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ३५ | एघारौं र नवौं तह | ७२।०० | सातौं र आठौं तह | ६६।०० | चौथो तह | ४८।०० | (ख) लाई रु. १,२०० ।०० |
| ६ | ४० | | ७८।०० | | ७२।०० | | ५४।०० | |
| ७ | ५० | | ८४।०० | | ७८।०० | | ६०।०० | श्रेणी (ग) लाई रु. १,०८० ।०० |
| ८ | ६० | | ९०।०० | | ८४।०० | | ६६।०० | |
| ९ | ७५ | | १०२।०० | | ९०।०० | | ७२।०० | |
| १० | १०० | | १२०।०० | | १०८।०० | | ९०।०० | |

५.१.२ Inbasket Exercise को उत्तरपुस्तिका परीक्षणका विज्ञ टोलीका प्रत्येक सदस्यलाई उत्तरपुस्तिका मूल्यांकन गरेवापत प्रति सेट (१० वटा प्रकरण) प्रति विज्ञ रु. १५०।- दिने । तर न्यूनतम १५ सेटसम्म उत्तरपस्तिका परीक्षण गर्दा रु. २,२५०।- पारिश्रमिक दिने ।

५.१.३ नेपाल प्रहरी तर्फको प्रहरी निरीक्षक र प्रहरी सहायक निरीक्षक पदको Professional Behavioural Test सम्बन्धी उत्तरपुस्तिका परीक्षणका लागि प्रति प्रकरण/प्रश्न रु. १५ पारिश्रमिक दिने ।

५.१.४ प्रयोगात्मक/कम्प्युटर सीप परीक्षण परीक्षाको उत्तरपुस्तिकाको मूल्यांकन गर्ने मूल्यांकन समितिका प्रति सदस्यहरुलाई प्रति सिफ्ट जनही रु. ९०० रुपैया पारिश्रमिक दिने ।

५.१.५ तोकिएको समयावधि भित्र उत्तरपुस्तिका परीक्षण गरी बुझाउने दक्ष/विज्ञलाई निजलाई दिईने पारिश्रमिकमा २० प्रतिशत रकम थप गरि प्रदान गर्ने ।

५.१.६ उत्तरपुस्तिका परीक्षण गर्ने क्रममा विज्ञले कार्यालय समयमा उपस्थित हुन नसकि कार्यालय समयभन्दा बाहेक बिहान साँझ र सार्वजनिक बिदाका दिनमा उत्तरपुस्तिका परीक्षण

गर्नका लागि उपस्थित हुने भएमा सो प्रयोजनका लागि कर्मचारी उपस्थित हुनुपर्दा त्यसरी उपस्थित हुने कर्मचारीका लागि अर्थ मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिम वा प्रतिदिन रु. २५०।- खाना खर्च दिने ।

## ५.२ वस्तुगत उत्तरपुस्तिका परीक्षण

### ५.२.१ OMR बाहेकका वस्तुगत उत्तरपुस्तिका परीक्षण

| विवरण | वस्तुगत उत्तरपुस्तिका परीक्षण | | |
|---|---|---|---|
| | परीक्षण | पुनः परीक्षण | अन्तिम परीक्षण |
| २५ वटा सम्म प्रश्नको | रु. ४।८० | रु. ४।८० | रु.४।८० |
| ५० वटा सम्म प्रश्नको | रु. ७।२० | रु. ७।२० | रु.७।२० |
| १०० वटा सम्म प्रश्नको | रु. ९।६० | रु. ९।६० | रु.९।६० |
| कम्तीमा २०० थान वस्तुगत उत्तरपुस्तिका परीक्षण, पुनः परीक्षण र अन्तिम परीक्षण तथा रुजु गर्दा सुपरीवेक्षण गर्ने अधिकृतलाई रु. ४००।- का दरले पारिश्रमिक दिने । | | | |

### ५.२.२ OMR प्रविधिबाट उत्तरपुस्तिका परीक्षण

५.२.२.१ OMR उत्तरपुस्तिकाहरुको रुजु गर्ने, उत्तर खण्ड र विवरण खण्डलाई सुरक्षित रुपमा छुट्टाई अलगअलग प्याकेटमा शिलबन्दी गर्ने लगायतका कार्यमा बिहान, साँझ र सार्वजनिक बिदाका दिनमा उपस्थित हुने कर्मचारीलाई प्रति उत्तरपुस्तिका रु. २।०० पारिश्रमिक दिने ।

५.२.२.२ OMR उत्तरपुस्तिकाको उत्तरखण्डलाई मेशिनबाट Read गराउने, त्यसरी Read गरिएको Data लाई Verify गर्ने,

उत्तरपुस्तिकालाई मेशिन मार्फत Read गराई Read गरिएको Data संग Match गराउने र नतिजा तयारी पूर्वका Documentation तयार गर्ने सम्मका कार्यका लागि प्रति उत्तरपुस्तिका रु. ७।७५ पारिश्रमिक दिने।

५.२.२.३ OMR उत्तरपुस्तिकाको विवरण खण्डलाई मेशिनबाट Read गराउने, त्यसरी Read गरिएको Data लाई Verify गरि नतिजा प्रकाशन पूर्वका Documentation तयार गर्ने सम्मका कार्यका लागि प्रति उत्तरपुस्तिका रु. ३।०० पारिश्रमिक दिने ।

५.३ विषयगत उत्तरपुस्तिकाको प्राप्तांक रुजु

५.३.१ विषयगत उत्तरपुस्तिका प्राप्तांक रुजु गरे वापत प्रति उत्तरपुस्तिका ५ वटा प्रश्न सम्म रु. १।०० र सो भन्दा माथि प्रति थप प्रश्न १० पैसाका दरले थप पारिश्रमिक दिने।

५.४ नतिजा टेबुलेसन

५.४.१ लिखित परीक्षाको नतिजा प्रति उत्तरपुस्तिकाको कुल प्राप्तांक टेबुलेसन गरे वापत प्रति उत्तरपुस्तिका रु. ०।५० पारिश्रमिक दिने ।

६. पुनर्योगः लिखित परीक्षाको नतिजाको पूनर्योग कार्यमा संलग्न कर्मचारीहरुलाई देहाय बमोजिम पारिश्रमिक दिने ।

| | |
|---|---|
| प्रति बिज्ञापन ५ जना सम्म निवेदक भए | प्रकरण ११.१ (क) बमोजिम १ दिन |
| प्रति बिज्ञापन ५ जना भन्दा बढी निवेदक भए | प्रकरण ११.१ (क) बमोजिम २ दिन |

**७. सामूहिक परीक्षण, प्रस्तुतीकरण तथा अन्तर्वार्ता:**

**७.१** पाँच जनासम्मको सामूहिक परीक्षण, प्रस्तुतीकरण तथा अन्तर्वार्ता दिदा समितिमा रहने समितिका अध्यक्ष/सदस्य/दक्ष/विज्ञलाई निम्न बमोजिम पारिश्रमिक दिने ।

| अन्तर्वार्ता हुने श्रेणी/तह | रकम |
|---|---|
| रा.प.प्रथम, सह सचिव/एघारौं तह | रु.२,५००।०० |
| रा.प.द्वितीय, उप सचिव/नवौं र दशौं तह | |
| रा.प.तृतीय, छैठौं, सातौ र आठौं तह | रु.२,०००।०० |
| राजपत्र अनंकित सबै श्रेणी र सहायक स्तरका तह (श्रेणीविहीन समेत) | रु.१,२००।०० |
| पाँच जना भन्दा बढी उम्मेदवार भएमा तोकिएको दरमा २० प्रतिशत थप पारिश्रमिक दिने | |

**७.२** आयोगको कार्यालयहरुमा संचालन हुने अन्तवार्तामा उपस्थित हुने दक्ष/विज्ञलाई अर्को जिल्लाबाट आमन्त्रण गर्नुपर्ने भएमा निजलाई सरकारी नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ ।

**७.३** सामूहिक छलफलका लागि उम्मेदवार नभएमा र ३ जना भन्दा कम उम्मेदवार बाँकी भएको अवस्थामा कम्तीमा ३ जना उम्मेदवार बनाउन हुने हुँदा उम्मेदवार सरह योग्यता भएका एक तह मुनीको आयोगको कर्मचारी थप गरी कम्तीमा ३ जनाको समुह कायम गर्ने र त्यस्ता सहयोगी उम्मेदवारलाई रु. १,०००।- (एक हजार) पारिश्रमिक दिने ।

**७.४** सामूहिक छलफलमा कुनै पनि उम्मेदवार उपस्थित नभएमा वा अन्य कुनै कारणले सामूहिक छलफल नभएमा बोलाइएका विज्ञ आयोगमा उपस्थित भई सकेको हकमा नियमानुसार पारिश्रमिक दिने ।

८. पाठ्यक्रम निर्माण, परिमार्जन र शैक्षिक योग्यता सम्बन्धिः

८.१ पाठ्यक्रमको मस्यौदा तयार गर्ने दक्षलाई प्रतिपत्रका लागि निम्न बमोजिमको पारिश्रमिक दिने ।

| श्रेणी/तह | रकम |
|---|---|
| अधिकृतस्तर सबै श्रेणी/तह | रु. ७,५००।०० |
| सहायकस्तर सबै श्रेणी/तह | रु. ६,०००।०० |

९. दरखास्त फाराम र PSRMS संचालन/व्यवस्थापनः

९.१ दरखास्त फाराम सम्बन्धी कार्य

९.१.१. पदपूर्तिको लागि विज्ञापन र सूचना प्रकाशन भएको अवस्थामा दरखास्त दर्ता, राजस्व संकलन, दरखास्त स्वीकृत एवं प्रवेश पत्र वितरण (विधुतीय दरखास्त समेत) को काममा संलग्न कर्मचारीलाई रु. २००।०० का दरले उपस्थित दिन बराबरको पारिश्रमिक दिने ।

९.१.२. दरखास्त फाराम कम्प्युटर प्रयोगको निमित्त कोडिङ गर्ने कर्मचारीलाई प्रति दरखास्त रु. २।०० का दरले पारिश्रमिक दिने ।

९.१.३. दरखास्त फारामको कम्प्युटरमा डाटा इन्ट्री गरी विवरण तयार गरे वापत प्रति डाटा रु. ३।०० का दरले पारिश्रमिक दिने ।

९.१.४. अघिल्लो विज्ञापनको म्याद छँदै अर्को विज्ञापन भएमा अघिल्लो विज्ञापनको म्यादसम्म उपस्थित दिनको हिसावले गर्ने । सोको म्याद सकिएपछि अर्को विज्ञापनको उपस्थित दिन गणना गर्ने ।

नोटः उपरोक्तानुसार विज्ञापनको अन्तिम दिन पछिको ७ दिन सम्म स्वीकृत दरखास्त फाराम छुटयाउने र नामावली तयार गर्ने प्रयोजनका लागि पनि दिने ।

९.२ पदपूर्तिका लागि बिज्ञापन र सूचना प्रकाशन भई दोब्बर दस्तुरको मिति समाप्त भएको मितिले १४ दिन भित्रमा विघुतिय प्रणाली मार्फत दरखास्त फारम स्वीकृत गर्ने अधिकृत कर्मचारीलाई स्वीकृत प्रति आवेदन वापत देहाय बमोजिमको पारिश्रमिक दिने ।

| दरखास्तको विवरण | पारिश्रमिक |
|---|---|
| राजपत्रांकित/राजपत्रअनंकित/अधिकृतस्तर, सहायकस्तर (प्रशासन) | रु.६।०० |
| राजपत्रांकित/राजपत्रअनंकित/अधिकृतस्तर, सहायकस्तर प्राविधिक) | रु.७।०० |
| स्वास्थ्य सेवाको नवौं र एघारौं तह | रु.१०।०० |

९.३ उम्मेदवारहरुको बढुवा दरखास्त संकलन, दरखास्त व्यवस्थापन, बढुवाको दरखास्त फारम रुजु उम्मेदवारको विवरण तयार एवं प्रशोधन गरी बढुवा समितिको सचिवालयमा पठाउने तथा राजश्व अभिलेख व्यवस्थापन लगायतका कार्यमा बिहान, साँझ र सार्वजनिक विदाका दिनहरुमा खटिने केन्द्रीय कार्यालय/मातहतका कार्यालयका कर्मचारीलाई प्रकरण ११.१(क) बमोजिम बिज्ञापन प्रकाश नभएको महिनामा बढीमा ७ दिनको पारिश्रमिक दिने ।

९.४ Requistion, Percentage, Distribution, Exam, Scheduling, Exam Center Allocation, Advertisement configuration, Adervertisement publishing, system Update and Maintanance, Payment Reconcilation लगायत Public Service Recuritment Management System (PSRMS) को संचालन, व्यवस्थापन एवं समन्वय सम्बन्धी कार्यमा बिहान/साँझ र सार्वजनिक विदाका दिनमा समेत खटिने कर्मचारीहरुका लागि प्रकरण ११.१(क) बमोजिम प्रति महिना बढीमा १५ दिन बराबरको पारिश्रमिक दिने ।

९.५ आयोगको Online System (PSRMS) मा निर्धारित समय भित्रै देहायका विवरण प्रविष्ट गरे वापत प्रविष्ट गर्ने कर्मचारीलाई प्रति उम्मेदवार रु. १।०० पारिश्रमिक दिने ।

| सि.नं. | विवरण | समयावधि | जिम्मेवार |
|---|---|---|---|
| १ | लिखित परीक्षामा उपस्थित उम्मेदवारहरुको विवरण | ३ महिनाभित्र | सम्बन्धित कार्यालय शाखा/ |
| २ | उत्तिर्ण भएका उम्मेदवारहरुको विवरण | सोही दिन | |
| ३ | अन्तरवार्तामा सम्मिलित उम्मेदवारहरुको विवरण | सोही दिन | |
| ४ | सिफारीस भएका उम्मेदवार | सोही दिन | |
| ५ | कारवाहीमा परेका परीक्षार्थीहरुको विवरण | सोही दिन | |
| ६ | वैकल्पिक तथा अस्थायी सिफारीस भएका उम्मेदवारहरुको विवरण | सोही दिन | |

१०. प्रतिशत निर्धारण, विज्ञापन र प्रकाशनः

१०.१ पदपूर्तिका लागि प्राप्त मागको प्रतिशत निर्धारण, शैक्षिक योग्यता रुजु लगायतका कार्य गरी सूचना तयारी एवं विज्ञापन प्रकाशन गर्ने कार्यका लागि कार्यालय समयमा कार्य सम्पन्न नसकने अवस्था आई बिहान/साँझ र सार्वजनिक विदाका दिनमा समेत खटिई कामकाज गर्नुपर्ने अवस्था आएमा यसरी खटिने कर्मचारीलाई निर्धारित प्रति पद/समुह वापत अधिकृत स्तरका कर्मचारीलाई रु. ४५।०० सहायकस्तर कर्मचारीलाई रु. ३५।०० र श्रेणी विहिन कर्मचारीलाई रु. २५।०० पारिश्रमिक दिने ।

१०.२ आयोगको वार्षिक प्रतिवेदन तयारीमा संलग्न हुने कर्मचारीहरुलाई प्रतिवेदन लेखन गर्ने आर्थिक वर्षको सुरु दिनदेखि प्रतिवेदनको मस्यौदा आयोगको बैठकमा छलफलका लागि पेश हुने

दिनसम्मका लागि प्रकरण ११.१ (क) बमोजिमको पारिश्रमिक दिने ।

१०.३ आयोगको अर्धबार्षिक, चौमासिक एवं विशेष प्रकाशन तयारीमा संलग्न हुने कर्मचारीलाई बढीमा १५ (पन्ध्र) दिनको सूचना पत्र, विशेष सूचना प्रकाशनमा संलग्न हुने कर्मचारीलाई बढीमा ३ (तीन) दिनको ११.१(क) बमोजिम पारिश्रमिक दिने ।

१०.४ आयोगको सूचनाहरु, दस्तावेजहरु विघुतीय प्रणालीमा अपलोड कार्य मात्र गर्ने सम्वन्धित कर्मचारी १ (एक) जनालाई प्रति अपलोड रु. ३००।०० दिने ।

**११. अतिरिक्त पारिश्रमिक तथा अन्य:**

**११.१ सबै किसिमका परीक्षाको प्रश्न पत्रको गुरु प्रति निर्माण, प्रश्न पत्र छपाई, छपाई भएको प्रश्न पत्र परीक्षा केन्द्रमा पठाउने तयारी, लिखित परीक्षाको व्यवस्थापन, लिखित परीक्षा नतिजा तयारी, लिखित परीक्षा नतिजा प्रकाशन, अन्तरवार्ता तथा सिफारीस, समन्वय एवं सुपरीवेक्षण र प्रशासनिक एवंम कार्यालयको अन्य व्यवस्थापकीय कार्यमा साँझ/बिहान र सार्वजनिक विदाका दिनमा खटिने कर्मचारीहरुलाई अतिरिक्त समय खटिए वापत देहाय बमोजिमको पारिश्रमिक दिने ।**

| कर्मचारीको श्रेणी | कार्यालय समय बाहेक बिहान/बेलुका र सार्वजनिक विदाको दिन काम गर्दा (क) | अघिल्लो दिनको कार्यालय समय देखि रात बस्नु पर्ने गरी काम गर्दा (ख) |
|---|---|---|
| रा.प. विशिष्ट श्रेणी र रा.प.प्रथम (बाह्रौ, एघारौ तह) | १,०००।०० | १,६५०।०० |

| | | |
|---|---|---|
| रा.प. द्वितीय (नवौं र दशौं तह) | ९००।०० | १,५००।०० |
| रा.प. तृतीय (छैठौं, सातौं र आठौं तह) | ८००।०० | १,४००।०० |
| रा.प.अनं./सहायकस्तर | ७००।०० | १,२००।०० |
| श्रेणीविहीन | ६००।०० | १,०००।०० |

११.२ माथि (क) तथा (ख) बमोजिमको काम सार्वजनिक विदाको दिनमा गरेमा सो दिनको ५० प्रतिशत थप पारिश्रमिक दिने ।

११.३ प्रश्न पत्र छपाईको काम गर्दा तोकिए बमोजिमका कर्मचारीहरु तथा तोकिएका शाखाहरु माथि (क) (ख) बमोजिम पारिश्रमिक लिई काम गर्नुपर्दा आयोगका सचिवबाट स्वीकृत लिई मात्र काम गर्नुपर्नेछ ।

११.४ यस परिच्छेद अनुसार जतिसुकै समय अवधि अतिरिक्त काम गरेपनि (क) र (ख) मध्ये सबै वा कुनै दुई जोडेर पारिश्रमिक लिन पाईने छैन ।

११.५ परीक्षाको समयमा खटिने केन्द्रीय प्रतिनिधिले प्रश्न पत्रको छपाईको काममा संलग्न हुँदा निजले श्रेणी/तह अनुसारको प्रश्न पत्र छपाईको पारिश्रमिक पाउने ।

११.६ यस दफा बमोजिमको पारिश्रमिक दोहोरो पर्ने गरी दिईने छैन ।

## १२. खाजा खर्चः

१२.१ सामूहिक परीक्षण, प्रस्तुतीकरण र अन्तरवार्ता समितिलाई प्रति सिफ्ट देहाय बमोजिमको रकमको सिमा भित्र रही खाजा उपलब्ध गराउने ।

| | |
|---|---|
| क) राजपत्रांकित र अधिकृतस्तरका अन्तरवार्ता समिति र सामूहिक छलफल | रु.१,०००।०० |

| | |
|---|---|
| ख) राजपत्र अनंकित, सहायकस्तरका र श्रेणीविहिनका लागि | रु. ८००।०० |
| एक भन्दा बढी सिफ्ट अन्तर्वार्ता तथा सामूहिक छलफल भएमा प्रति सिफ्ट थप रु. २००।- का दरले खाजा खर्च उपलब्ध गराउने । | |

१२.२ प्रश्न पत्र परिमार्जनका लागि आउने दक्ष/विज्ञ र आयोगमै दक्ष/विज्ञ बोलाई उत्तरपुस्तिका परीक्षण गर्नुपर्ने अवस्थामा प्रतिदिन प्रति दक्ष/विज्ञ बढीमा रु. १५०।०० सम्मको खाजाको व्यवस्था गर्ने ।

१२.३ आयोगका पदाधिकारी र सचिव, महाशाखा प्रमुख वा शाखा प्रमुखको लागि प्रतिदिन अतिथि सत्कार प्रयोजनका लागि अर्थ मन्त्रालयको स्वीकृत मापदण्ड वा बढीमा देहाय बमोजिमको रकम दिने ।

| | |
|---|---|
| क) अध्यक्ष | रु. ५००।०० |
| ख) सदस्य र सचिव | रु. ३००।०० |
| ग) महाशाखा प्रमुख वा शाखा प्रमुख | रु. २००।०० |

१२.४ लिखित परीक्षा संचालनका लागि आवश्यक प्रश्न पत्र छपाई गर्ने वा कुनै कर्मचारीले आयोगमै रात बसि काम गर्नुपर्ने अवस्थामा त्यसरी रात बसेको दिनको लागि प्रतिदिन प्रति कर्मचारी रु. १,०००।०० खाजा/खाना खर्च दिने ।

१३. बैठक भत्ताः

१३.१ नीति परामर्श, पाठ्यक्रम निर्माण/परिमार्जन लगायत आयोगको कार्य सम्पादनको सिलसिलामा बिहान/साँझ र सार्वजनिक विदाका दिनहरुमा आयोजना गरिने विभिन्न बैठक वा आयोगसंग सम्बन्धित कार्यमा सहयोगको लागि कुनै दक्ष/विज्ञलाई आमन्त्रण गरिएकोमा दक्ष/विज्ञ र समितिका सदस्यहरुलाई अर्थ मन्त्रालयको स्वीकृत मापदण्ड बमोजिमको बैठक भत्ता वापतको पारिश्रमिक दिने तर आयोगका पदाधिकारीहरुको अध्यक्षतामा हुने बैठक भत्ता प्रदेश

सरकारका माननीय मन्त्रीको अध्यक्षतामा हुने बैठक सरहको हुने।

१३.२ आयोगको कार्य सम्पादन सिलसिलामा आयोजना गरिने विभिन्न बैठकहरुको व्यवस्थापन एवम सहयोगका लागि खटिने सम्बन्धित शाखाका कर्मचारीलाई बैठक बसेको दिनको प्रतिकर्मचारी रु. १,०००।०० दिने ।

१४. परिवहन खर्च:

१४.१ पाठ्यक्रम निर्माण, परिमार्जन, प्रश्न पत्रपरिमार्जन, उत्तरपुस्तिका परीक्षण, प्रयोगात्मक परीक्षा र अन्तरवार्ता कार्यका लागि आमन्त्रित दक्ष/विज्ञहरुलाई परिवहन खर्च बापत प्रतिव्यक्ति एकमुष्ठ रु. ५००।०० दिने । तर यो सुविधा आयोगका कर्मचारी र सरकारी परिवहन सुविधा पाउने पदाधिकारी कर्मचारीलाई उपलब्ध नगराउने ।

१४.२ प्रश्न पत्र र उत्तरपुस्तिका परीक्षा केन्द्रसम्म लैजाने र परीक्षा केन्द्रबाट उत्तरपुस्तिका लिई आउने केन्द्राध्यक्ष र समन्वयकर्तालाई सरकारी सवारी साधन उपलब्ध हुन नसकेको अवस्थामा धनगढीको हकमा केन्द्राध्यक्ष र समन्वयकर्तालाई प्रतिव्यक्ति रु. ५००।०० दिने र धनगढी बाहिर प्रतिव्यक्ति रु.३००।०० परिवहन खर्च दिने ।

१५. विविध:

१५.१ केन्द्रीय प्रतिनिधिको खटन पटन विभिन्न निकाय एवं मातहतका निकायहरुसंगको समन्वय, परीक्षा केन्द्र एवम उपकेन्द्रहरु संगको समन्वय एवं व्यवस्थापन, जिन्सी व्यवस्थापन, आर्थिक व्यवस्थापन लगायतका कार्यहरुका लागि बिहान/साँझ र सार्वजनिक विदाका दिनहरुमा उपस्थित हुन पर्दा यसरी उपस्थित हुने प्रशासन तथा

आर्थिक प्रशासन शाखाका कर्मचारीलाई प्रकरण ११.१(क) बमोजिम ७ दिनको पारिश्रमिक दिने ।

१५.२ आयोगमा परामर्शका लागि आउने नीति/नियम सम्बन्धी अध्ययन, विश्लेषण, बढुवा उजुरी, विभागीय सजायको परामर्श माथिको फाइल अध्ययनसंग सम्बन्धित कागजातहरुको छानविन लगायतका कार्यमा बिहान/साँझ र सार्वजनिक बिदाका पदमा खटिने कर्मचारीहरुले उल्लेखित कार्य भएको महिनामा ७ दिनको प्रकरण ११.१(क) बमोजिमको पारिश्रमिक दिने ।

१५.३ अध्ययन, अनुसन्धान लगायतका विशेष प्रकृतिका तथा कुनै काम निर्धारित समय भित्रै सम्पन्न गराउनुपर्ने अवस्था भएमा कामको प्रकृति, कार्यबोझ कार्य संवेदनशिलता र औचित्यता समेतका आधारमा सचिवले समयावधि तोकि काममा लगाउन सक्ने । त्यसरी काममा संलग्न हुने कर्मचारीहरुलाई प्रकरण ११.१ (क) अनुसारको पारिश्रमिक दिने ।

१५.४ परीक्षासंग सम्बन्धित गोप्य कामको लागि दक्ष/विज्ञसंग सम्पर्क गर्न साँझ बिहान टेलिफोन गर्नुपर्ने अवस्था भएकोमा त्यस्तो सम्पर्क गर्ने कर्मचारीलाई आयोगको सचिवको आदेशानुसार मासिक रु. १,०००।०० संचार खर्च उपलब्ध गराउने ।

१५.५ यस दररेटमा उल्लेखित विषयहरुका हकमा सोहि बमोजिम र उल्लेख नभएको हकमा आयोगको कार्यालयका हकमा सचिवबाट स्वीकृत लिएर मात्र लिन पाईनेछ ।

१५.६ एउटै समयमा एक भन्दा बढी महाशाखा/शाखाहरु मार्फत काम कारवाही सम्पादन गर्ने गराउने, निर्णय एवं जिम्मेवारी लिने, समन्वय र सुपरीवेक्षण गर्ने एवं कामको आई पर्ने समस्याहरु समाधान गर्ने कार्य गर्ने गराउने लोक सेवा आयोगका सचिव, सम्बन्धित कार्यालय प्रमुख, महाशाखा प्रमुख, शाखा प्रमुख तथा

भौतिक, आर्थिक एवं मानवीय स्रोत साधन व्यवस्थापन, निर्माण कार्यान्वयन संलग्न हुने कर्मचारीलाई तत् तत् शाखाहरुबाट दोहोरो नपर्ने गरी ११.१ बमोजिमको पारिश्रमिक सुविधा लिन बाधा नपर्ने ।

१६. दस्तुर तथा अन्य शुल्कः आयोगबाट विभिन्न कामको सिलसिलामा लिईने दस्तुर, शुल्क आदिलाई निम्न बमोजिम कायम गर्ने ।

१६.१ दरखास्त दस्तुर तथा शुल्क विवरण (बढुवाको लागि समेत)

| तह/श्रेणी | दस्तुर (रु.) |
|---|---|
| एघारौं र बाह्रौं तह | १,५००।०० |
| नवौं र दशौं तह | १,२००।०० |
| छैठौं तह, सातौं र आठौं तह | १,०००।०० |
| पाचौं तह | ४००।०० |
| चौथो तह | ३००।०० |
| तृतीय तह | २००।०० |
| चतुर्थ श्रेणी | १५०।०० |
| सवारी चालक | २००।०० |
| कार्यालय सहयोगी | १००।०० |

१६.२ समान तहको विभिन्न पदको संयुक्त परीक्षा हुने गरी विज्ञापन भएकोमा प्रति थप समूह/पत्रको लागि निम्न बमोजिम परीक्षा दस्तुर लिने ।

| तह/श्रेणी | प्रस्तावित |
|---|---|
| एघारौं र बाह्रौं तह | ६००।०० |
| नवौं र दशौं तह | ५००।०० |
| छैठौं तह, सातौं र आठौं तह | ४००।०० |
| पाचौं तह | २००।०० |
| चौथो तह | १५०।०० |

| | |
|---|---|
| तृतीय तह | १००।०० |
| तह विहीन | १००।०० |

१६.३ प्राप्ताङ्क पुनर्योगको लागि निवेदन दिंदा दरखास्त दस्तुरको आधार कम दस्तुरको रुपमा लिने ।

१६.४ आयोगबाट दिइएको प्रवेश पत्र हराएमा फोटो सहित निवेदन दिएमा रु. १००।०० लिई प्रतिलिपी प्रवेश पत्र दिने । एक दिन मात्र परीक्षा हुनेमा वा एक भन्दा बढी दिन परीक्षा हुनेमा परीक्षा हुने दिनको पहिलो दिन प्रवेश पत्र नलिई आएमा रु.१००।०० सहित निवेदन लिई परीक्षामा सम्मिलित गराउने । एक ठाउँमा दरखास्त बुझाई अर्को ठाउँमा परीक्षा केन्द्र राखी परीक्षा दिने उम्मेदवारले (अनलाईनबाट दरखास्त दिने बाहेक) प्रवेश पत्र हराएमा रु.३००।०० दस्तूर सहित निवेदन दिएमा त्यसका आधारमा अन्य प्रमाण हेरी परीक्षामा सम्मिलित गराउने ।

१६.५ किरिया बस्नु परेको वा सुत्केरी भएको अवस्थामा बाहेक अन्य अवस्थामा छुट वा अग्रीम अन्तरवार्ता लिंदा देहाय बमोजिमको दस्तुर लिने ।

| | |
|---|---|
| अधिकृतस्तर पदको लागि | रु. ३,०००।०० |
| सहायकस्तर पदको लागि | रु. १,०००।०० |

१६.६ बढुवा उजुरीको निवेदन लिंदा निम्न बमोजिमको दस्तुर लिने ।

| | |
|---|---|
| अधिकृतस्तर पदको बढुवाको लागि | रु. ३,०००।०० |
| सहायकस्तर पदको बढुवाको लागि | रु. १,५००।०० |

आज्ञाले,
दुर्गा दत्त बिष्ट
सचिव